# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८१/८२
च.नं. 9693

मिति: २०८१/११/१२

श्री कक्षा ८ सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै),
केराबारी गाउँपालिका, मोरङ।

**विषय**: आधारभुत तह (कक्षा ८) उत्तीर्ण परीक्षा तालिका र केन्द्र सम्बन्धमा।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८१/११/१२ को निर्णय अनुसार शैक्षिक सत्र २०८१ सालको कक्षा ८ को परीक्षा तपसिल बमोजिमको कार्यतालिका अनुसार तोकिएको मितिमा सम्बन्धित विद्यालयहरुमा गर्ने गराउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल-**

**परीक्षा कार्यतालिका**

| सि.नं | मिति | बार | विषय | समय |
|---|---|---|---|---|
| १ | २०८१/१२/१४ | विहिबार | नेपाली | दिउँसो १वजे देखि |
| २ | २०८१/१२/१५ | शुक्रबार | अंग्रेजी | |
| ३ | २०८१/१२/१७ | आइतबार | गणित | |
| ४ | २०८१/१२/१८ | सोमबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | |
| ५ | २०८१/१२/१९ | मंगलबार | विज्ञान | |
| ६ | २०८१/१२/२० | बुधबार | स्वास्थ्य तथा शारिरीक शिक्षा | |
| ७ | २०८१/१२/२१ | विहिबार | हाम्रो केराबारी | |

१. परीक्षामा सामेल हुने परीक्षार्थीको आवेदन फारम मिति २०८१/११/२५ गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्ने। आवेदन फारम भर्दा विद्यार्थीको नाम,थर र जन्ममिति लगायतको विवरण एकिन गरी पछिसम्म फरक नपर्ने सुनिश्चित गर्ने र सोहि बमोजिम **EMIS** प्रणालिमा समेत अनिवार्य रुपमा अद्यावधिक गरेको हुनुपर्ने।

२. परीक्षा केन्द्र सम्बन्धित विद्यालयमा नै कायम गरिएको र केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुने व्यवस्था गरिएको ।

# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८१/८२
च.नं. 9693

३.परीक्षामा प्रश्नपत्र लगायतका परीक्षा सामाग्री मिति२०८१/१२/१२ गते गाउँपालिकाको शिक्षा शाखाबाट सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षकले बुझिलिनुपर्ने। प्रश्नपत्र बुझिसकेपछि प्रश्नपत्रको गोपनियता भङ्ग भएमा वा परीक्षा सामाग्रीको दुरुपयोग भएमा प्रधानाध्यापक नै पूर्ण रुपमा जिम्वेवार हुने।

४.परीक्षा सञ्चालनको लागि निरीक्षक लगायत आवश्यक कर्मचारीको व्यवस्थापन र परीक्षा सामाग्रीको ढुवानीको प्रवन्ध विद्यालय स्वयंले नै गर्नुपर्ने।

५.परीक्षा संचालन हुने दिन परीक्षा समय सुरुहुनुभन्दा आधा घण्टा अघि मात्र केन्द्राध्यक्ष सहित कम्तीमा २ जना शिक्षकको रोहवरमा मुचुल्का गरी प्रश्नपत्रको प्याकेट खोल्नुपर्ने प्रश्नपत्र अपुग भएमा वा प्रश्नपत्रको प्याकेटमा लेखिएको विषय र प्याकेट भित्र रहेको प्रश्नपत्रको विषय फरक परेमा सो को जानकारी तत्काल शिक्षा शाखामा गराउनु पर्ने र शाखाको निर्देशन बमोजिम काम गर्नुपर्ने।

६. प्रवेशपत्र नभएका र परीक्षा फारम नभरेका विद्यार्थीहरुलाई परीक्षामा सामेल नगराउने।

७. परीक्षा समाप्त भए पश्चात प्रत्येक दिनको उत्तर पुस्तिका खामबन्दी गरी सुरक्षित साथ राख्ने।

८. तोकिएको मितिमा परीक्षामा सामेल हुन नसक्ने परीक्षार्थीहरुको लागि पुन:अर्को परीक्षाको व्यवस्था नगर्ने। सो को अग्रिम जनकारी परीक्षार्थीहरुलाई गराउने।

९. कुनै परीक्षार्थीलाई सहयोगी लेखक राख्नुपर्ने अवस्था भएमा परीक्षार्थीको निवेदन र आधार तथा प्रमाण समेत संलग्न राखी केन्द्राध्यक्षले कक्षा सात वा सो भन्दा तल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीलाई सहयोगी लेखक राख्न दिने र सो को जानकारी शिक्षाशाखामा पठाउने।

१०.पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीहरुको प्रयोगात्मक (आन्तरीक) परीक्षा सञ्चालन गरी सो को प्राप्तांक शिक्षा शाखामा पठाउने।

११.परीक्षा सञ्चालन सम्बन्धमा कुनै द्विविधा र समस्या उत्पन्न भएमा गाउँपालिकाको परीक्षा समिति र शिक्षा शाखासँग आवस्यक समन्वय गर्ने

**वोधार्थ**:श्री सूचना प्रविधि शाखा : वेवसाइटमा सूचना अपलोट गरिदिनुहुन।

...................
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ई-मेल: kerabariruralmun@gmail.com,वेभसाइट: www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०